वैठक संख्या -८ मिति २०७३/०८/०५ गते विहान ७:०० वजे

आज मिति २०७३/०८/०५ गते आईतवारवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री बिष्णु प्रसाद कोइराला - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकिय अधिकृत |
| श्री खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| श्री सूरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| श्री रमेश शाह | वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत |
| श्री भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| श्री राजु पोखरेल | इन्जिनियर |
| श्री सूनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

निर्णय नं १ (एक) योजना माग गर्नै सम्वनधमा ।

यस उपमहा नगरपालिका कार्यालयको नगर स्तरीय राजनीतिक दलहरु र नगरपालिका कार्यालय प्रमूख समेतको बैठकबाट पारित तपसिलका योजनाहरु नगर विकास कोषसँग माग गर्ने निर्णय गरियो ।

क धरान पृथ्विपथ (गोपाल मार्ग दक्षिण सिंहदेवि चोक सम्म ) सडक कालोपत्र गर्ने कार्य ।
ख धरान १७ स्थित सप्तरंगी पार्कको गूरु योजना तयार गर्ने ।
ग तीनकुने सून्दर वस्ति जग्गा बिकास आयोजनाको बारेमा अध्ययन गराउने ।
घ धरान १६ स्थित जनपथ बाटो बिस्तार तथा निर्माण कार्य ।
ङ धरान १ रेडक्रस देखि धरान १४ बिजयपुर चोक सम्मको बाटो बिस्तार र निर्माण ।

निर्णय नं २ (दुई ) म्याद थप सम्वनधमा ।

यस उपमहा नगरपालिका कार्यालयको परिसरमा निर्माण भई रहेको कार्यालय भवन निर्माण गर्ने म्याद २०७३/०८/१५ सम्मलाई थप गरिएकोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३ (तीन ) प्रर्दशनीकालागि अनुमति दिने सम्वन्धमा ।

प्राविधिक परामर्शदाता समाज नेपालद्धारा आयोजना गर्न लागेको Build Teach Exhibition 2073 प्रदर्शनी मेला यहि मिति २०७३/०८/१५ देखि १९ सम्म श्री पब्लिक मा वि धरान १२ को प्राङगणमा मेला संचालनकालागि अनुमती दिने निर्णय गरियो ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सूचना अधिकृत,धरान उपमहा नगरपालिका